# रोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पहरीगाउँ, इलाम
### कोशी प्रदेश, नेपाल

रोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पहरीगाउँ, इलाम २०७३

प. सं.:२०८१/०८२

च. नं. :

मिति :२०८१/१२/१३

**विषय :** क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/१२/१३)

सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा ८ (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) को नियम ३१ (ख) तथा उत्पादक तथा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंङ्) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम बमोजिम यस कार्यालयले चालू आ. व. २०८१/०८२ को लागि सवारी साधन (मोटरसाइकल) खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) १ अनुसार ७ (सातौं) दिनको १२:०० बजेभित्र तपशीलका शर्तहरुको अधीनमा रही इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक/अधिकृत बिक्रेताहरुले प्राविधिक प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचनाको विस्तृत विवरण कार्यालयको *www.rongmun.gov.np* मा राखिएको छ।

**तपशीलः**

१. ईच्छुक इजाजतप्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाण पत्र, भ्याट/पान दर्ता प्रमाण पत्र, कम्पनीको आधिकारिक पत्र, आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू समावेश गरी यस कार्यालयमा प्राविधिक प्रस्ताव दर्ता गर्न सकिने छ ।

२. यो सूचना प्रकाशित भएको मितिले सातौं दिन दिनको १२:०० बजेसम्म/भित्र सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ।

३. शिलबन्दी प्राविधिक प्रस्ताव पेश गर्दा प्रस्तावदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

४. शिलबन्दी प्राविधिक प्रस्ताव राखिएको खाम बाहिर कार्यालयको नाम र ठेक्का नं. उल्लेख गरी शिलबन्दी गरिएको हुनुपर्ने छ।

५. यसरी दर्ता हुन आएका शिलबन्दी प्रस्तावहरु सातौं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रोहबरमा खोलिने छ। प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

६. शिलबन्दी प्राविधिक प्रस्ताव पेश गर्नेले धरौटी रकम बापतको रकम जम्मा गर्नुपर्ने छैन।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

७. शिलबन्दी प्राविधिक प्रस्ताव स्वीकृत भएपछि तीन दिनको समय अवधि दिई लिखित रुपमा शिलबन्दी आर्थिक प्रस्ताव (तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट र सुविधामा थप हुनसक्ने विवरण) माग गरिने छ।

८. सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित स्वीकृत प्रस्तावदातासँग खरिद सम्झौता गर्दा कबोल गरेको अंकको सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम बराबरको रकम नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानतका साथ प्रस्ताव स्वीकृत भएको तीन दिनभित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्ने छ।

९. शिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको मोटरसाइकल गाउँ कार्यपालिकाको कार्यालय, पहरीगाउँ, इलामसम्म वा सम्झौता अनुसार ढुवानी गर्नु पर्नेछ।

१०. अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. कुनै शर्त राखी पेश गरिएको शिलबन्दी प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१२. सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराइएको स्पेसिफिकेसनमा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको प्रस्तावउपर कुनै कारबाही गरिने छैन।

१३. थप कुरा बुझ्नुपरेमा फोन नं. ९८५२६४२०२० मा सम्पर्क राख्न सकिनेछ।

१४. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

**खरिद सम्बन्धी विवरण** :

| क्र. सं. | ठेक्का नं. | सवारी साधनको विवरण | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| 1 | RRM/MB/CS/G-01-2081/082 | Motor Bike | 4 Stroke, Not more than 150 cc<br>Torque 13 Nm<br>Max.Power 13.5 Ps | १ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

२०८१-१२-१३
विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत


वेवसाइट: www.rongmun.gov.np, इमेल: info@rongmun.gov.np, rongruralmun@gmail.com
सम्पर्क नं. ९८५२६७८७३२ (अध्यक्ष), ९८४४६३१५१७ (उपाध्यक्ष), ९८५२६४२०२० (प्रमुख प्रशासकीय अधिकृत)

# TECHNICAL SPECIFICATIONS OF MOTORBIKE

| S. N. | CRITERIA | DEPARTMENTAL REQUIRMENT |
|---|---|---|
| 1 | Engine Type | Must Have 4-stroke, 2 Valve, FI Engine |
| 2 | Displacement | Not More than 150 C.C |
| 3 | Max Torque | 13-15 Nm @ More than 5500 rpm |
| 4 | Max Power | More than 13.5 Ps |
| 5 | No. of Cylinders | Not Less than 1 |
| 7 | Cooling System | Most have Air Cooled |
| 8 | Valve Per Cylinder | Must have not less than 2 |
| 9 | Starting | Must have Self-Start |
| 10 | Fuel Supply | Fuel Injection |
| 11 | Clutch | Wet, multi-disc type |
| 12 | Number of Gear | Must have 5 Gears |
| 13 | Brakes | Must Have ABS |
| 14 | Suspension | Must Have Twin Shock Absorber |
| 15 | Ground Clearance | Must Have not less than 160 Mm |
| 16 | Fuel Capacity (In Liters) | Fuel tank must be not be less than 12 Liters |
| 17 | Delivery | The Bike shall be delivery to Rong Gaupalika, Ilam, Nepal |

Prepared By

Er. Saubhagya Thapa

Er. Saubhagya Thapa
NEC Regd No: 2080
" Mechanical " "A"

Approved By

Binod Kumar Chauhan
Chief Administrtive Officer